# स्थानीय राजपत्र

**याङवरक गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ६) थर्पु, पाँचथर असोज १३ गते, २०७९ साल (संख्या ७**

# भाग २

## याङवरक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालयको सूचना

याङवरक गाउँ कार्यपालिकाको मिति २०७९/०६/१० गतेको बैठकले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**संवत २०७९ सालको कार्यविधि संख्या-५**

### सामुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना: -** नेपालको संविधानको धारा ३५ (१) तथा जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३(४) मा उल्लेखित आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने नागरिकको हकलाई कार्यान्वयन गर्न तथा याङवरक गाउँपालिकाको आ.व २०७९/०८० को निति तथा कार्यक्रममा उल्लेखित स्थानिय तह बाट आधारभूत स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराउने भन्ने प्रावधानको कार्यन्वयनको लागि स्वास्थ्य संस्था बाट भौगोलिक विकटता तथा दुरीका हिसाबले टाढा रहेका बस्तीहरुमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न याङवरक गाउँपालिकामा स्थापना भएका सामुदायिक स्वास्थ्य इकाई सञ्चालन व्यवस्थापन तथा कर्मचरीको दरबन्दी पारिश्रमिक लगायत वित्तीय व्यवस्थापन, परिचालन साथै गुणस्तरीय सेवा सहित निरन्तर सेवा प्रवाह प्रदान गर्न वाञ्छनीय भएकाले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ वमोजिम यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम:- सामुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०७९ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले याङवरक गाउँपालिका पाँचथरलाई सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले याङवरक गाउँ कार्यपालिका पाँचथरलाई सम्झनु पर्दछ।

(ग) "सामुदायिक स्वास्थ्य इकाई" भन्नाले याङवरक गाउँपालिका भित्र रहेका सामुदायिक स्वास्थ्य इकाईहरुलाई सम्झनु पर्दछ।

(घ) "सञ्चालन खर्च" भन्नाले जनशक्ति व्यवस्थापन, औजार उपकरण, औषधी मसलन्द खर्च समेतलाई सम्झनु पर्दछ ।

(ङ) "सेवाग्राही" भन्नाले समुदायिक स्वास्थ्य इकाईमा विभिन्न सेवा लिन आउने विरामी तथा लाभग्राहीहरुलाई सम्झनु पर्दछ।

(छ) "न्युनतम पारिश्रमिक" भन्नाले नेपाल सरकारले तथा याङवरक गाउँपालिकाले तोकेको मासिक न्युनतम पारिश्रमिक सम्झनु पर्दछ।

३. **कार्यक्रमको उद्वेश्यः-** (१) अत्यावश्यक आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने नागरिकको हकलाई सुनिश्चित गर्ने।

(२) याङवरक गाउँपालिका भित्रका स्वास्थ्य संस्था वाट भौगोलिक विकटता र दुरीका हिसाबले टाढा रहेका वस्ती तथा टोलहरुमा अत्यावश्यक आधारभूत स्वास्थ्य सेवाको पहुँच पुर्याउने।

(३) याङवरक गाँउपालिकाको शुरक्षित मातृत्व, पोषण कार्यक्रम परिवार नियोजन कार्यक्रम नवजात शिशु तथा वाल स्वास्थ्य लगायतका स्वास्थ्य सम्बन्धिका सूचकहरुको प्रगति गर्ने ।

(४) सामुदायिक स्वास्थ्य इकाईबाट दैनिक गुणस्तरीय अत्यावश्यक आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न दरवन्दी संरचना, आर्थिक, भौतिक व्यवस्थापन गर्ने ।

४. **आधारभूत स्वास्थ्य सेवा प्रवाह सम्बन्धी व्यवस्था: -** (१) सविधानमा प्रदत्त आधारभूत स्वास्थ्य सेवाको व्यवस्था गाउँपालिकाले गर्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा प्रवाह गर्दा कम्तीमा दैनिक ओपिडी सेवा सञ्चालन, नवजात शिशु तथा बालरोग व्यवस्थापन, खोप, परिवार नियोजन, गर्भवति सेवा, डट्स सेवा, पोषण सेवा, मानसिक स्वास्थ्य, नसर्ने रोगको परामर्श तथा स्क्रीनिङ औषधी वितरण, स्वास्थ्य प्रवर्धन, समान्य उपचार लगायतका स्वास्थ्य सेवाको समुचित व्यवस्था गाउँपालिकाले गर्नेछ।

(३) स्वास्थ्य संस्था बाट भौगोलिक रुपमा विकट र दुरीका हिसाबले टाढा भएका बस्तीहरुमा स्थापना भएका आधारभूत स्वास्थ्य इकाईहरुलाई व्यववस्थित गरिने छ।

(४) उपदफा (२) मा उल्लेखित समुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापनका लागि गाउँपालिकाले हरेक वर्ष बजेट व्यवस्थापन गर्नु पर्नेछ।

५. **वितीय स्रोत:-** (१) याङवरक गाउँपालिकामा संकलन हुने अन्तरीक राजश्व आम्दामी वा समानिकरण अनुदान वा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट सामुदायिक स्वास्थ्य इकाई बजेट व्यबस्थापन गरिनेछ।

(२) नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह वा अन्य निकायबाट यस सम्बन्धि रकम प्राप्त भएमा खर्च गर्न सकिने छ।

६. **सञ्चालन तथा व्यवस्थापन खर्च सम्बन्धि व्यवस्था:-** (१) यस गाउँपालिका भित्र हाल सञ्चालित सामुदायिक स्वास्थ्य इकाईहरुमा कार्यरत कर्मचारीहरुको तलब भत्ता बापतको रकम निज कर्मचारीहरुसँग सेवा करारमा सम्झौता गरी मासिक रुपमा भुक्तानी गरिने छ।

(२) सामुदायिक स्वास्थ्य इकाईहरुमा कार्यरत कर्मचारीहरुको तलब-भत्ता बापतको रकम नेपाल सरकारको सम्बन्धित पद तथा तहको लागि तोके बमोजिम हुने छ।

(३) सामुदायिक स्वास्थ्य इकाईको सेवा प्रवाह अनुसुची-२ वमोजिम गर्नु पर्नेछ।

७. **कर्मचारी व्यवस्थापन:-** (१) सामुदायिक स्वास्थ्य इकाईहरुमा काम गर्ने कर्मचारी नियुक्तिका लागि याङवरक गाउँपालिकाको करारमा प्रविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि-२०७८ बमोजिम सम्पुर्ण प्रक्रिया पुरा गरी कर्मचारी नियुक्ति गरिने छ। यसरी एकपटक नियुक्त भई सकेका कर्मचारीहरुलाई कार्य सम्पादन मूल्याङकनका आधारमा म्याद थप गर्न सकिने छ ।

(२) यो कार्यविधि लागू हुनु पूर्व करारमा नियुक्ति भई हालसम्म सामुदायिक स्वास्थ्य इकाईहरुमा निरन्तर काम गरिरहनुभएका कर्मचारीहरुको हकमा निजहरुको कार्य सम्पादन सन्तोषजनक देखिएमा निजहरुलाई सोहि संस्थामा दरवन्दी कायम गरी सेवा करारलाई निरन्तरता दिन सकिने छ।

(३) आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक न्युनतम जनशक्ति हे.अ/अ.हे.व १ जना, स्टाफ नर्स/अ.न.मी १ जना र कार्यालय सहयोगी १ जना गरि जम्मा ३ जना कर्मचारी सेवा करारमा अनुसुची-१ वमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

८. **सामुदायिक स्वास्थ्य ईकाई सञ्चालन तथा व्यवस्थापन:-**

सामुदायिक स्वास्थ्य इकाईको नियमित सञ्चालन, रेखदेख, समन्वय र सहयोगको लागि देहाय बमोजिमको सामुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

**देहाय**

१) सामुदायिक स्वास्थ्य इकाई रहेको सम्बन्धित वडाको वडा अध्यक्ष - अध्यक्ष

२) सामुदायिक स्वास्थ्य इकाई रहेको सम्बन्धित वडाको स्वास्थ्य चौकी प्रमुख - सदस्य

३) सामुदायिक स्वास्थ्य इकाई रहेको सम्बन्धित वडाको महिला स्वास्थ्य स्वास्थ्य स्वयं सेविका १ जना - सदस्य

४) सेवाग्राहीबाट छानिएका कम्तिमा एकजना महिला सहित २ जना - सदस्य

५) स्थानिय विद्यालयको शिक्षकहरु मध्येबाट एक जना - सदस्य

६) सम्बन्धित सामुदायिक स्वास्थ्य इकाई प्रमुख - सदस्य सचिव

७) उपदफा (५) बमोजिमको समिति अध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट सामुदायिक स्वास्थ्य इकाईको बैंक खाता सञ्चालन हुनेछ।

८. सामुदायिक स्वास्थ्य इकाईको भवन सञ्चालनको लागि आवस्यक भौतिक पुर्वाधारको व्यवस्था गाउँपालिकाले गर्नेछ। निर्माण कार्य सम्पन्न नभएसम्म सेवा प्रवाहका लागि आवस्यक पर्ने न्युनतम ३ कोठा स्थानिय तहको समन्वयमा सम्बन्धित वडाले व्यवस्था गर्नु पर्नेछ।

९. दफा (३) बमोजिमको दफा (२) बमोजिमको कार्यको लागि आवस्यक न्युनतम आर्थिक व्यवस्थापन स्थानिय सरकारले गर्ने छ।

**९. बचाउ र खारेजी:-** (१) यस गाउँपालिका भित्र यस अगाबै सामुदायिक स्वास्थ्य इकाई सञ्चालन सम्बन्धी गरिएका क्रियाकलाप यो कार्यविधि अनुरुप गरिएको मानिनने छ।

(२) यो कार्यविधि प्रदेश सरकार तथा संघीय सरकारसँग बाझिन गएमा स्वत खारेज हुनेछ।

**१०. अनुगमन कार्यमा अबलम्बन गर्नुपर्ने:-** (१) कुनै अनियमितता देखिई सुधार गर्न नसकिने देखिएमा के कति रकमको अनियमितता भएको हो सो रकम बराबर असुल उपर गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने।

(२) अनुगमनको क्रममा देखिएका तथ्यहरुको आधारमा कार्यक्रमको प्रभावकारीता, पहुँच तथा समस्याको पहिचान तथा समाधान सहित सम्बन्धित निकायमा सुझाव पेश गर्ने।

(३) कुनै अनियमितता देखिएमा सुधार गर्न सकिने भएमा तत्काल सुधार गर्न लगाउने।

**११. अभिलेख तथा प्रतिनेदन:-** (१) सामुदायिक स्वास्थ्य इकाईले निर्धारित गरेका सम्पुर्ण प्रमाणहरुको सम्बन्धित स्वास्थ्य शाखामा एक प्रति सुरक्षितसाथ राख्नु पर्नेछ।

(२) सामुदायिक स्वास्थ्य इकाईले मासिक, चौमासिक र वार्षिक रुपमा सम्बन्धित गाउँपालिकामा प्रगति प्रतिवेदन दिनु पर्नेछ।

**१२. बाधा अडकाउ फुकाउ:-** यस कार्विधि कार्यन्वयनमा कुनै बाधा अडकाउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सकिने छ।

**१३. संसोधन तथा परिमार्जन:-** यो कार्यविधि आवस्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संसोधन गर्न सक्ने छ।

अनुसूची-१

(कार्यविधिको दफा ६ (२) सँग सम्बन्धित)

| क्र.स | पद | सेवा | समुह | दरबन्दी संख्या | मासिक तलव स्केल (रु. मा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हे.अ/अ.हे.व | स्वास्थ्य | हे.ई | १ | हे.अ.को सुरु तलभ स्केल /अ.हे.व को सुरुको स्केल | ६ महिना भन्दा बढि सेवा करारमा रही काम गर्ने कर्मचारीको हकमा १ महिनाको तलव बराबरको चाड पर्व खर्च र पोषाक भत्ता प्रदान गर्न सकिने छ। |
| २ | स्टाफ नर्स/अ.न.मी | स्वास्थ्य | क.न | १ | स्टाफ नर्सको सुरुको तलब स्केल/अ.न.मी.को सुरुको तलब स्केल | ६ महिना भन्दा बढि सेवा करारमा रही काम गर्ने कर्मचारीको हकमा १ महिनाको तलव बराबरको चाड पर्व खर्च र पोषाक भत्ता प्रदान गर्न सकिने छ। |
| ३ | का.स | - | - | १ | का.स.को सुरुको तलब स्केल | ६ महिना भन्दा बढि सेवा करारमा रही काम गर्ने कर्मचारीको हकमा १ महिनाको तलव बराबरको चाड पर्व खर्च र पोषाक भत्ता प्रदान गर्न सकिने छ। |

## अनुसूची-२

(कार्यविधिको दफा ६ (३) सँग सम्बन्धित)

| क्र.स | सेवा | समय | लक्षित वर्ग | जिम्मेवार व्याक्ति | कैफियत |
|---|---|---|---|---|---|
| १ | दैनिक ओपिडि सेवा | दैनिक | कभर एरिया भित्रका जनसंख्या | हे.अ/अ.हे.व | |
| २ | पोषण सेवा | दैनिक | कभर एरिया भित्रका लक्षित जनसंख्या | हे.अ/अ.हे.व/ स्टाफ नर्स /अ.न.मी | |
| ३ | नवजाशिशु तथा वाल स्वास्थ्य सेवा | दैनिक | कभर एरिया भित्रका ५ वर्ष मुनिका लक्षित जनसंख्या | हे.अ/अ.हे.व/ स्टाफ नर्स/अ.न.मी | |
| ४ | सुरक्षित मातृत्व सेवा | दैनिक | कभर एरिया भित्रका लक्षित जनसंख्या | स्टाफ नर्स/अ.न.मी | |
| ५ | परिवार नियोजन सेवा | दैनिक | कभर एरिया भित्रका लक्षित जनसंख्या | हे.अ/अ.हे.व/ स्टाफ नर्स/अ.न.मी | |
| ६ | स्वास्थ्य शिक्षा | दैनिक | कभर एरिया भित्रका लक्षित जनसंख्या | हे.अ/अ.हे.व/ स्टाफ नर्स /अ.न.मी | आवश्यकता अनुसार विद्यालय वा अन्य स्थान |
| ७ | खोप सेवा | - | कभर एरिया भित्रका ५ वर्ष मुनिका लक्षित जनसंख्या | हे.अ/अ.हे.व/ स्टाफ नर्स/अ.न.मी | |
| ८ | डटस तथा मानसिक स्वास्थ्य | - | कभर एरिया भित्रका ५ वर्ष मुनिका लक्षित जनसंख्या | हे.अ/अ.हे.व/स्टाफ नर्स /अ.न.मी | |

| क्र.स | सेवा | समय | लक्षित वर्ग | जिम्मेवार व्यक्ति | कैफियत |
|---|---|---|---|---|---|
| ९ | प्रशासनिक तथा अभिलेख र प्रतिवेदन | दैनिक | कभर एरिया भित्रका लक्षित जनसंख्या | हे.अ/अ.हे.व/ स्टाफ नर्स /अ.न.मी | |
| १० | अन्य वाँकी सवै गाउँपालिका,पदेश तथा संघिय कार्यालय वाट निर्देशन बमोजिम | आवश्यकता अनसार | कभर एरिया भित्रका लक्षित जनसंख्या | हे.अ/अ.हे.व/ स्टाफ नर्स/अ.न.मी | |

**प्रमाणीकरण मिति: २०७९/०६/१० गते**

आज्ञाले
सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत